# कर्मचारी सञ्चय कोष
# पुल्चोक, ललितपुर

## खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

### १. पाठ्यक्रमको परिचयः

(क) तह र पद : तह ६, सहायक प्रबन्धक (कानून)

(ख) सेवा : प्रशासन

(ग) परीक्षाको किसिम :

- लिखित ३०० पूर्णाङ्क
- अन्तर्वार्ता ३० पूर्णाङ्क

(घ) न्यूनतम शैक्षिक योग्यता :
मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातक उपाधि प्राप्त गरी कानून वा अन्य कुनै विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

(ङ) पाठ्यक्रमको उद्देश्य :
कोषको तह ६ सहायक प्रबन्धक (कानून) पदका लागि निर्धारित कार्यविवरणलाई दृष्टिगत गरी तोकिएको आवश्यक न्यूनतम योग्यता पुगेका योग्य उमेदवारहरुमध्येबाट दैनिक कार्य संचालनका लागि कोषको कार्यक्षेत्र र कार्य प्रकृतिसंग सम्बन्धित संस्थागत व्यवस्थापन, कानून र दैनिक प्रशासन जस्ता सान्दर्भिक विषयमा उमेदवारहरुको सैद्धान्तिक र व्यावहारिक ज्ञानको परीक्षण गर्नु प्रस्तुत पाठ्यक्रमको उद्देश्य रहेको छ ।

### २. परीक्षा योजना (Examination Scheme)

| पत्र | विषय | | प्रश्न संख्या | अङ्कभार | पूर्णाङ्क | उतीर्णाङ्क | समय |
|---|---|---|---|---|---|---|---|
| प्रथम पत्र | सामान्य ज्ञान | छोटो छोटो उत्तर | २० | २० X ५ | १०० | ४० | २ घण्टा |
| द्वितीय पत्र | संविधान तथा ऐन, कानून | (क) विषयगत | ८ | ८X १० | ८० | ४० | ३ घण्टा |
| | | (ख) समस्या समाधान | १ | १ X २० | २० | | |
| तृतीय पत्र | सेवा सम्बन्धी | (क) विषयगत | ८ | ८X १० | ८० | ४० | ३ घण्टा |
| | | (ख) समस्या समाधान | १ | १ X २० | २० | | |

द्रष्टव्य :

(क) दुई मध्ये कुनै एक समस्याको समाधान प्रस्तुत गर्नु पर्नेछ ।

(ख) समस्याको समाधान देहायको ढाँचामा प्रस्तुत गर्नु पर्नेछ :

- समस्याको पहिचान र विश्लेषण - अङ्क भार ५
- समस्यासंग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्था - अङ्क भार ४
- समस्या समाधानका उपायहरु - अङ्क भार ७
- समस्या समाधानका लागि कार्ययोजनाको तयारी - अङ्क भार ४

(ग) लिखित परीक्षाको भाषा, नेपाली वा अंग्रेजी वा दुवै हुन सक्नेछ ।

# पाठ्क्रमको विस्तृत विवरण

**प्रथम पत्र - सामान्य ज्ञान :**

- नेपालमा संवैधानिक विकासक्रम र नेपालको अन्तरिम संविधान, २०६३ ।
- नेपालको इतिहास, भूगोल, आर्थिक, राजनीतिक, सामाजिक, साहित्यिक, धार्मिक तथा सांस्कृतिक र खेलकूद सम्बन्धी ज्ञान ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक घटनाहरु ।
- दक्षिण एशियाली सहयोग सङ्गठन (SAARC), आशियान (ASEAN), संयुक्त राष्ट्र संघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठन (WTO) र एशियाली विकास बैंक सम्बन्धी जानकारी ।
- नेपालको बैकिङ्ग, वित्तीय, आर्थिक, मौद्रिक र पूँजीबजार सम्बन्धी जानकारी ।
- सञ्चय कोष प्रणाली र सामाजिक सुरक्षा प्रणाली सम्बन्धी जानकारी ।
- चालु आर्थिक वर्षको बजेट सम्बन्धी जानकारी ।
- नेपालको चालु आवधिक योजनाको उद्देश्य, कार्यक्रम र लक्ष्य ।
- नेपालको सार्वजनिक संस्थान सम्बन्धी जानकारी ।

द्वितीय पत्र - संविधान तथा ऐन, कानून

- नेपालको संवैधानिक विकासक्रम र नेपालको अन्तरिम संविधान, २०६३
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- प्रमाण ऐन, २०३१
- करार ऐन, २०५६
- मुलुकी ऐन, २०२० अन्तर्गत नासो, धरौट, जमानी बस्ने, कागजजाँच, रजिष्ट्रेसनको महल लगायत लेनदेन व्यवहारको सिलसिलामा गरिएका कानूनी व्यवस्थाहरु
- सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९
- कर्मचारी सञ्चय कोष ऐन, २०१९
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- कम्पनी ऐन, २०६३
- लेखापरीक्षण ऐन, २०४८
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३
- ट्रेड युनियन ऐन, २०४९
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- श्रम ऐन, २०४८
- सार्वजनिक खरिद ऐन, २०६३
- दामासाही सम्बन्धी ऐन, २०६३
- कर्मचारी सञ्चय कोष (कर्मचारी सेवा शर्त नियमावली), २०४८
- कर्मचारी सञ्चय कोष (आर्थिक प्रशासन नियमावली), २०६८
- कर्मचारी सञ्चय कोष (खरिद नियमावली), २०६८
- सार्वजनिक संस्थान निर्देशन बोर्ड (संचालन तथा व्यवस्थापन) गठन आदेश, २०६८

तृतीय पत्र - **सेवा सम्बन्धी**

- नेपालको सन्दर्भमा शक्ति पृथकीकरणको सिद्धान्त ।
- कानूनी राज्यको सिद्धान्त ।
- नजिरको आवश्यकता र कानूनी मान्यता सम्बन्धी सिद्धान्त ।
- नेपालमा स्थापित अदालतहरु र तिनको कार्यक्षेत्र ।
- रिट सम्बन्धी अवधारणा ।
- अर्ध न्यायिक निकाय ।
- सहवित्तीयकरण ।
- कानूनी लिखत ।
- हदम्याद ।
- न्यायिक पुनरावलोकन ।
- कर्मचारी सञ्चय कोष:
  - परिचय, उद्देश्य, कार्यक्षेत्र, महत्व र कोषले निर्वाह गर्दै आएको भूमिका, चुनौती र अवसरहरु,
  - सञ्चयकर्ताले प्राप्त गर्ने सुविधा र सेवा प्रवाह प्रक्रिया,
  - कोषको ऋण लगानी तथा असुली सम्बन्धी नीति तथा कार्यविधिहरु
- अन्तर्राष्ट्रिय सामाजिक सुरक्षा संस्था (ISSA) को परिचय र कार्यहरु ।
- सामाजिक सुरक्षा प्रणालीको अवधारणा र यसको आधारभूत सिद्धान्त र नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमहरु ।

- 0 -